ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

केन्द्रीय कार्यालय : काठमाडौं, नेपाल, फोन नं. ०१-४४३८७५०, पो.ब.नं. २०२८५
web : www.pvpnepal.org, Email: nepalpvp1@gmail.com

## अनलाइन प्रतियोगितामा सहभागी भई आफ्नो रचनात्मक एवं बौद्धिक क्षमताको विकास गर्नुहोस् ।

**प्रिय विद्यार्थी मित्रहरू, स्नेहपूर्ण नमस्कार !**

विश्वमा रहेको कोरोनाको स्वास्थ्य संकटबाट तपाईँ सुरक्षित रही आफ्नो अध्ययन, रचनात्मक क्रियाकलापसँगै राम्रो पारिवारिक वातावरणमा आगामी परीक्षाहरूको तयारीमा विशेष सक्रिय हुनुहुन्छ होला । प्राज्ञिक विद्यार्थी परिषद्, नेपालले देशको वर्तमान परिस्थिति, कोरोनाको संकट, लकडाउन आदिको कारण विद्यार्थीवर्गमा पर्न गएको प्रभाव, प्रत्यक्ष पठन पाठनको अभाव आदिप्रति चिन्तन गर्दै विद्यार्थीको रचनात्मक क्षमता, बौद्धिक स्तरको उन्नतिका साथै सिर्जनात्मक कार्यमा विद्यार्थी सक्रिय रहिरहुन् भन्ने उद्देश्यका साथ राष्ट्रव्यापी प्रतियोगिताहरू सञ्चालन गर्न गइरहेको छ । अनलाइनको माध्यमबाट हुने विभिन्न प्रतियोगितामा सक्रिय सहभागिता जनाई आफ्नो बौद्धिक एवं सिर्जनात्मक क्षमताको विकास गर्नुहुन सम्पूर्ण विद्यार्थी वर्गमा हार्दिक आह्वान गर्दछौं ।

## प्रतियोगिता निर्देशिका

### प्रतियोगिताहरू

### निबन्ध लेखन प्रतियोगिता

**शीर्षकहरू :**

१) कोरोना संकट न्यूनिकरणमा विद्यार्थी वर्गको भूमिका ।
२) वर्तमान अवस्था र शिक्षाक्षेत्रमा सरकारको भूमिका ।
३) दूर्व्यसनीमुक्त समाज र प्रदूषणमुक्त वातावरणका लागि नागरिकको भूमिका ।
४) राष्ट्रका लागि युवा ।
५) स्वस्थ्य जीवनका लागि संस्कार, आहार र विचारको महत्व ।

निबन्ध न्यनतम १००० देखि अधिकतम १२०० शब्दसम्मको हुनुपर्नेछ ।

### कविता लेखन प्रतियोगिता

आफ्नै शीर्षकमा पद्य वा गद्यमा कविता लेख्न सकिनेछ

### वक्तृत्वकला प्रतियोगिता

**समय** : ३ मिनेट मात्र ।
**शीर्षक** राष्ट्रिय विभूतिहरू र राष्ट्रिय महापुरुषहरू मध्ये कुनै एकको बारेमा ।

### हस्तलिखित अक्षर प्रतियोगिता

यसमा विद्यार्थीको लेखनकलाको प्रतियोगिता हुनेछ । नेपाली भाषामा कम्तिमा ५०० शब्द लेखेर त्यसको तस्बीर प्रेषित गर्नुपर्नेछ ।

### चित्रकला प्रतियोगिता

यो प्रतियोगितामा सहभागिताका लागि कोरोना भाइरसको संकटबाट बच्नका लागि आवश्यक सन्देशमूलक चित्रकला तयार गरी प्रेषित गर्नु पर्नेछ

## प्रतियोगिताका लागि ध्यानदिनु पर्ने मुख्य विषयहरू ।

- प्रतियोगीले आफ्नो सिर्जना तल दिइएका विभिन्न माध्यमबाट प्रेषित गर्नसक्नुहुनेछ । प्रतियोगिताको अन्तिम मिति २०७७ बैशाख १४ गतेसम्म रहनेछ । प्रतियोगीले आफ्नो रचनासहित (नाम, स्थायी एवं अस्थायी ठेगाना, फोन नं. अभिभावकको नाम, विद्यालयको नाम, कक्षा, प्रधानाध्यापकको नाम र सम्पर्क नं. अनिवार्य प्रेषित गर्नुपर्नेछ ।
- वक्तृत्वकला प्रतियोगिता प्रदेशस्तरमा र राष्ट्रियस्तरमा हुनेछ । प्रदेश स्तरमा रेकर्डेड भिडियो मार्फत् हुनेछ । जसका लागि १० गतेभित्र भिडियो प्रेषित गरिसक्नुपर्नेछ । प्रदेश स्तरमा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्नेहरूको प्रतियोगिता १४ गते केन्द्रीय स्तरमा अनलाइनमार्फत् प्रत्यक्ष प्रतियोगिता हुनेछ । जसको जानकारी प्रतियोगीलाई गराइनेछ ।
- प्रतियोगिताको नतिजा दुई स्तरमा छनोट हुनेछ ।
- पहिलो स्तरमा कक्षा ६ देखि ८ सम्म र दोस्रो स्तरमा कक्षा ९ देखि १२ सम्मका विद्यार्थीको प्रतिष्पर्धा रहनेछ ।
- सबै प्रतियोगिताका प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्ने प्रतियोगीका लागि आकर्षक पुरस्कारको व्यवस्था रहनेछ ।
- प्रतियोगितामा उत्कृष्ट विषय विभिन्न माध्यमबाट सार्वजनिक हुनेछन् । तसर्थ आफ्नै मौलिकता र सिर्जनात्मकतामा विशेष ध्यान दिनुहोला ।

### प्रतियोगी रचना पठाउनका लागि

Email : nepalpvp1@gmail.com    Facebook Message : **PVP NEPAL**    **Viber/Whatsapp : 9868412634**

**कृपया प्रतियोगीले सम्भव भएमा आफ्नो रचना प्रेषित गरेपश्चात् Google फारम भर्नुहोला ।**

**प्रतियोगिता सम्बन्धी थप जानकारीका लागि : ०१-४४३८७५०, Facebook page : PVP NEPAL**